# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, पुस ४ गते २०४१ साल (अतिरिक्ताङ्क ४८ (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट थाइल्याण्डको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०४१ साल पुस ४ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

थाइल्याण्डको राजकीय भ्रमणको अवसरमा हामीप्रति थाई नरेश, महारानी, राजपरिवार एवं थाई जनताबाट वर्शाइएको हार्दिक स्वागतको संझना लिएर स्वदेश फर्कंदा हामीलाई हर्ष लागेको छ । यस भ्रमणले हाम्रो दुई देशबीच विभिन्न स्तरमा महत्त्वपूर्ण सम्पर्क स्थापना गर्न सघाउ पुऱ्याएको हुनाले आउँदा वर्षहरूमा मैत्री, सद्भावना र समझदारीका यी सम्बन्धहरू फलदायी रूपले विकसित हुँदै जानेछन् भन्ने हामीलाई विश्वास लागेको छ ।

नेपालजस्तै कृषिप्रधान मुलुक भएको थाइल्याण्ड विकासका पूर्वाधारहरूको निर्माण गर्नमा सफल भई आर्थिक समुन्नतिको बाटोमा लम्कन थालेको छ । थाइल्याण्डले विकासको क्रममा अपनाएको अन्तरिम प्रविधि र हासिल गरेका अनुभव हाम्रोजस्तो विकासोन्मुख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुलुकको आर्थिक विकासको लागि उपयोगी हुने कुरा स्वतः सिद्ध छ । हाम्रो यस वर्तमान भ्रमणबाट दुई अधिराज्यहरूबीच एउटा नौलो सम्बन्धको थालनी भएकोले सबै क्षेत्रहरूबाट समेत हामीबीच रही आएको सुमधुर मैत्रीपूर्ण सम्बन्ध तथा सहयोगलाई आपसी हितको निम्ति विस्तार र विकास गर्दै लैजानु दुवै देशको लागि हितकर हुने कुरामा पनि हामी विश्वस्त छौं । दक्षिण-पूर्व एशियामा शान्ति तथा स्थायित्व कायम गर्नमा थाइल्याण्डको महत्वपूर्ण भूमिका रहेको छ र बैंककमा भएका हाम्रा विचारहरूको आदान-प्रदानबाट एशिया र विश्वमा शान्तिका लागि थप योगदान मिल्नेछ भन्ने हामीलाई लागेको छ ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सह्माल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत् हितलाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

69C



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।